**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना प्रविधि विभाग**

**एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)**

**डिजास्टर रिकभरी कार्यालय, हेटौंडा**

# मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

*(आ.व. २०८२/८३)*

यस कार्यालयको लागि आ.व.२०८२/८३ मा आवश्यक पर्ने निम्नानुसार कार्य तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताको लागि सोहि नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। आफूले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएका निवदेनलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

<u>आवश्यक कार्य तथा सेवाहरुको विवरणः</u>

१. छपाई, प्रकाशन र विज्ञापन सम्बन्धी सेवा
२. इन्टरनेट नेटवर्क जडान र मर्मत सम्बन्धी कार्य
३. इलेक्ट्रिकल प्रणाली जडान, पार्टपूर्जा आपूर्ति, मर्मत सम्बन्धी कार्य
४. कम्प्युटर, प्रिन्टर, फोटोकपी, सर्भर जस्ता विद्युतीय उपकरण तथा मेसिनरी औजार, सामान, पार्टस आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
५. सवारी साधन मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी कार्य
६. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य
७. स्टेशनरी, मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य
८. भवन तथा पूर्वाधार मर्मत तथा सम्भार साथै सो सँग सम्बन्धित कार्य
९. इन्धन आपूर्ति सम्बन्धी कार्य
१०. धारा बाथरुमका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्य
११. विद्युतीय प्रणाली संचालनका लागि आवश्यक जनशक्ति आपूर्तिको परामर्श सम्बन्धी सेवा

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः</u>

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको फोटोकपी
२. स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको फोटोकपी
३. आ.व. २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्रको फोटोकपी
४. व्यवसायिक इजाजतपत्रको फोटोकपी
५. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वयं घोषणाको निवेदन